# संवैधानिक निकायका पदाधिकारीहरूको पारिश्रमिक, सेवाको शर्त र सुविधासम्बन्धी ऐन, २०५३ लाई संशोधन गर्न बनेको विधेयक

सघीय संसद सचिवालय
संसद भवन
सिंहदरबार।

**विषय-सूची** **पृष्ठ**


| | |
|---|---|
| १. विधेयकको उद्देश्य र कारण | १ |
| २. आर्थिक टिप्पणी | २ |
| ३. व्याख्यात्मक टिप्पणी | ३ |
| ४. प्रत्यायोजित व्यवस्थापन | ४ |
| ५. विधेयक | ५ |
| ६. विधेयकको तीन महले विवरण | ६ |

## उद्देश्य र कारण

संवैधानिक निकायका पदाधिकारीहरूको सेवा सुविधालाई व्यवस्थित गर्न संवैधानिक निकायका पदाधिकारीहरूको पारिश्रमिक, सेवाको शर्त र सुविधा सम्बन्धी ऐन, २०५३ रहेको छ। संवैधानिक निकायमा विशेष गरी सेवानिवृत भएका राष्ट्रसेवकहरू नियुक्त हुने अभ्यास समेत रहेको छ। यसरी नियुक्त हुने पदाधिकारीले सेवा निवृत बापत प्राप्त हुने निवृतिभरण र नियुक्त भई सकेपछी प्रचलित कानून बमोजिमको सुविधा समेत लिने गरेकाले एउटै व्यक्तिले राज्य कोषबाट दोहोरो सुविधा समेत पाउने अवस्था रहेको देखिन्छ।

यसै सन्दर्भमा सम्मानित सर्वोच्च अदालतले मिति २०७३।११।१९ गते लोक सेवा आयोगको अध्यक्ष पदबाट कार्यकाल पूरा गरी निवृत्त कयोदेवी यमी विरुद्ध श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत भएको ०७२-WO-०५८२ नं. को उत्प्रेषण परमादेश मुद्दामा "कानून बमोजिम प्राप्त सुविधा सरकारको स्वेच्छाचारी निर्णयका आधारमा कटौती गर्न नमिल्ने भएकाले सामान्य प्रशासन मन्त्रालय (मा. मन्त्रीस्तर) को मिति २०६१।७।१८ को निर्णय, अख्तियार दुरुपयोग अनुसन्धान आयोगको मिति २०७१।७।२१ को निर्देशन, नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७२।१०।८ को निर्णय लगायत संवैधानिक निकायका पदाधिकारीहरूको निवृत्तभरण, सेवाका शर्त र सुविधा तथा सेवा अवधि गणना गर्ने सम्बन्धमा भए गरिएका विवादित पत्राचार र काम-कारवाही उत्प्रेषणको आदेशले बदर हुन्छ। अब रिट निवेदकहरूले “सरकारी सेवामा काम गरेको अवधि” र संवैधानिक पदाधिकारीको पदमा काम गरेको अवधि जोडी कानून बमोजिम पाउने निवृत्तभरण र अन्य सुविधा प्रदान गर्नु भनी विपक्षीहरूका नाउँमा परमादेशको आदेश समेत जारी हुने ठहर्छ। राज्यको उच्च पदमा आसिन पदाधिकारीहरूमा उच्चस्तरकै नैतिकता र चारित्रिक गुण अपेक्षित रहन्छ। यस प्रकारको गुण महत्वपूर्ण सार्वजनिक जवाफदेहीताको पदमा रहेका व्यक्तिहरूमा छ भन्ने कुरा व्यवहारमा पनि देखिनु पर्दछ। कुनै पदाधिकारीले दोहोरो सुविधा लिएको देखिने अवस्था कायम रही रह्यो भने परिणामतः त्यस्ता व्यक्ति सम्बद्ध संस्थाप्रतिको जनताको आस्था, विश्वास र भरोसा कमजोर बन्न पुग्दछ। संस्थाप्रतिको आस्था र विश्वासमा हुने क्षयीकरण कसैको पनि हीतमा हुँदैन। राज्य कोषबाट तलव, भत्ता, सुविधा पाउने कुनै पनि पदाधिकारीलाई त्यही राज्यकोषबाट निवृत्तभरण प्रदान गर्नु उचित होईन। अर्कोतर्फ संवैधानिक निकायका पदाधिकारीहरूका लागी पदीय जिम्मेवारी अनुरुप सुहाउँदो र आकर्षक सुविधा प्रदान गरिनु आवश्यक देखिन्छ। जीवनको लामो उर्वर समय सार्वजनिक सेवामा समर्पित गरेर सेवा निवृत्त भएका व्यक्तिहरूले आर्जन गरेको निवृत्तभरण सुविधा बाहेक गर्दा संवैधानिक पदाधिकारीले प्राप्त गर्ने सुविधा कति बाँकी रहन्छ भन्ने कुराको मूल्याङ्कन र पुनरावलोकन हुन पनि वाञ्छनीय देखिन्छ। यी र यस्ता अन्य सम्वद्ध सबै पक्षमा विचार गरी दोहोरो सुविधा लिन नपाउने तथा संवैधानिक पदाधिकारीको पदीय जिम्मेवारी र मर्यादा अनुकूल सुविधा प्राप्त हुने गरी ऐनमा नै प्रष्ट र किटानी व्यवस्था हुन आवश्यक देखिएकाले तदनुसारको व्यवस्था गर्न आवश्यक प्रकृया अगाडि बढाउनु भनी विपक्षी मध्येका प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय तथा सामान्य प्रशासन मन्त्रालय समेतका नाउँमा निर्देशनात्मक आदेश जारी हुने ठहर्छ" भन्ने निर्देशनात्कम आदेश जारी भएको हुँदा संवैधानिक निकायका पदाधिकारीहरूको पारिश्रमिक, सेवाको शर्त र सुविधा सम्बन्धी ऐन, २०५३ लाई संशोधन गर्ने विधेयक आवश्यक भएको।

**(वालेन्द्र शाह)**
**प्रधानमन्त्री**

## आर्थिक टिप्पणी

संवैधानिक निकायका पदाधिकारीहरुको पारिश्रमिक, सेवाको शर्त र सुविधा सम्बन्धी ऐन, २०५३ को दफा ३ मा थप भएको उपदफा (१क) र दफा १८ मा थप भएको उपदफा (१क) ले राज्यको उच्च पदमा आसिन पदाधिकारीहरूले राज्य कोषबाट तलव, भत्ता, सुविधा पनि पाउने र सोही पदाधिकारीले राज्यकोषबाट निवृत्तभरण पनि पाउने अवस्था हटाई दोहोरो सुविधा कटौती गर्ने व्यवस्था कायम गरेको हुँदा नेपाल सरकारलाई थप आर्थिक व्ययभार पर्ने अवस्था छैन।

अर्थ मन्त्रालयको मिति २०८३।०३।२६ को पत्रबाट संवैधानिक निकायका पदाधिकारीहरूको पारिश्रमिक, सेवाको शर्त र सुविधासम्बन्धी ऐन, २०५३ लाई संशोधन गर्न बनेको विधेयकको मस्यौदामा मिति २०८३।०३।२५ को निर्णय (मा.मन्त्रीस्तर) बाट सहमति समेत प्राप्त भएको।

**(वालेन्द्र शाह)**
**प्रधानमन्त्री**

## "संवैधानिक निकायका पदाधिकारीहरूको पारिश्रमिक, सेवाको शर्त र सुविधासम्बन्धी ऐन, २०५३ लाई संशोधन गर्न बनेको विधेयक" को

## व्याख्यात्मक टिप्पणी

| दफा | दफा शिर्षक | व्याख्यात्मक टिप्पणी |
|---|---|---|
| ३ | **पारिश्रमिक** | संवैधानिक निकायमा विशेष गरी सेवानिवृत भएका राष्ट्रसेवकहरू नियुक्त हुँदा नियुक्त हुने पदाधिकारीले सेवा निवृत बापत प्राप्त गर्ने निवृतिभरण र नियुक्त भई सकेपछी प्रचलित कानून बमोजिमको सुविधा समेत लिने गरेकाले एउटै व्यक्तिले राज्य कोषबाट दोहोरो सुविधा पाउने अवस्था रहेको हुँदा सम्मानित सर्वोच्च अदालतले मिति २०७३।११।१९ गते लोक सेवा आयोगको अध्यक्ष पदबाट कार्यकाल पूरा गरी निवृत्त कयोदेवी यमी विरुद्ध श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत भएको ०७२-WO-०५८२ नं. को उत्प्रेषण परमादेश मुद्दामा दोहोरो सुविधा लिन नपाउने तथा संवैधानिक पदाधिकारीको पदीय जिम्मेवारी र मर्यादा अनुकूल सुविधा प्राप्त हुने गरी ऐनमा नै प्रष्ट र किटानी व्यवस्था हुन आवश्यक देखिएकाले तदनुसारको व्यवस्था गर्न आवश्यक प्रकृया अगाडि बढाउनु भनी विपक्षी मध्येका प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय तथा साविकको सामान्य प्रशासन मन्त्रालय समेतका नाउँमा निर्देशनात्मक आदेश जारी भएकोले संवैधानिक निकायका पदाधिकारीहरूको पारिश्रमिक, सेवाको शर्त र सुविधा सम्बन्धी ऐन, २०५३ लाई संशोधन गर्न आवश्यक भएकोले। |
| १८ | **निवृत्तिभरण वा उपदान** | सेवानिवृत भएका राष्ट्रसेवकहरूले राज्य कोषबाट पाउने दोहोरो सुविधा हटाउन आवश्यक भएकोले। |

**(वालेन्द्र शाह)**
**प्रधानमन्त्री**

"संवैधानिक निकायका पदाधिकारीहरूको पारिश्रमिक, सेवाको शर्त र सुविधासम्बन्धी ऐन, २०५३ लाई संशोधन गर्न बनेको विधेयक" को

## प्रत्यायोजित व्यवस्थापन टिप्पणी

| दफा | प्रत्यायोजित व्यवस्थापनको कारण | प्रत्यायोजित व्यवस्थापन अन्तर्गत बनाईने कानूनको प्रकृति र सिमा | प्रत्यायोजित व्यवस्थापनबाट पर्न सक्ने प्रभाव |
|---|---|---|---|
| नभएको। | | | |

(वालेन्द्र शाह)
प्रधानमन्त्री

# <u>संवैधानिक निकायका पदाधिकारीहरूको पारिश्रमिक, सेवाको शर्त र सुविधासम्बन्धी ऐन, २०५३ लाई संशोधन गर्न बनेको विधेयक</u>

**<u>प्रस्तावना</u> :** संवैधानिक निकायका पदाधिकारीहरूको पारिश्रमिक, सेवाको शर्त र सुविधा सम्बन्धी ऐन, २०५३ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

सङ्घीय संसदले यो ऐन बनाएको छ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भ</u>** : (१) यस ऐनको नाम "संवैधानिक निकायका पदाधिकारीहरूको पारिश्रमिक, सेवाको शर्त र सुविधासम्बन्धी (पहिलो संशोधन) ऐन, २०८३" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **<u>संवैधानिक निकायका पदाधिकारीहरूको पारिश्रमिक, सेवाको शर्त र सुविधासम्बन्धी ऐन, २०५३ को दफा ३ मा संशोधन</u> :** संवैधानिक निकायका पदाधिकारीहरूको पारिश्रमिक, सेवाको शर्त र सुविधा सम्बन्धी ऐन, २०५३ (यसपछि "मूल ऐन" भनिएको) को दफा ३ को उपदफा (१) पछि देहायको उपदफा (१क) थपिएको छ :-

"(१क) सरकारी कोषबाट निवृत्तिभरण प्राप्त गरिरहेको वा पाउने अवस्था भएको कुनै व्यक्ति प्रमुख पदाधिकारी वा पदाधिकारीको पदमा नियुक्त भएमा त्यस्तो व्यक्ति सो पदमा बहाल रहेसम्म निवृत्तिभरण पाउनेछैन।"

३. **<u>मूल ऐनको दफा १८ मा संशोधन</u> :** मूल ऐनको दफा १८ को उपदफा (१) पछि देहायको उपदफा (१क) थपिएको छ :-

"(१क) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि संवैधानिक निकायका पदाधिकारीले उपदफा (१) को खण्ड (ख) बमोजिम कूल सेवा अवधि जोड्न चाहेमा त्यस्तो पदाधिकारीले संवैधानिक निकायको पदाधिकारीको पदमा नियुक्ति भएको मितिदेखि पाएको निवृत्तिभरण रकम सङ्घीय सञ्चित कोषमा फिर्ता गरी सोको भरपाई त्यस्तो सेवा अवधि जोड्ने निकायमा पेस गर्नुपर्नेछ।"

**(वालेन्द्र शाह)**
**प्रधानमन्त्री**

## संवैधानिक निकायका पदाधिकारीहरुको पारिश्रमिक, सेवाको शर्त र सुविधा सम्बन्धी ऐन, २०५३ को

### तीन महले विवरण

| क्र.सं. | सम्बन्धीत दफा | विद्यमान व्यवस्था | प्रस्तावित व्यवस्था | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|---|---|
| १ | दफा ३ को उपदफा (१) पछि उपदफा (१क) थप | नभएको। (नयाँ थप।) | संवैधानिक निकायका पदाधिकारीहरूको पारिश्रमिक, सेवाको शर्त र सुविधा सम्बन्धी ऐन, २०५३ (यसपछि "मूल ऐन" भनिएको) को दफा ३ को उपदफा (१) पछि देहायको उपदफा (१क) थपिएको छ :-<br>"(१क) सरकारी कोषबाट निवृत्तिभरण प्राप्त गरिरहेको वा पाउने अवस्था भएको कुनै व्यक्ति प्रमुख पदाधिकारी वा पदाधिकारीको पदमा नियुक्त भएमा त्यस्तो व्यक्ति सो पदमा बहाल रहेसम्म निवृत्तिभरण पाउनेछैन।" | संवैधानिक निकायको पदाधिकारीको पदमा नियुक्त भई बहाल भएमा निजले उक्त पदमा रहँदा तलव, भत्ता र अन्य सुविधाको साथै निवृत्तभरण समेत पाउने हुँदा दोहोरा सुविधा हटाउन आवश्यक भएकोले । |
| २ | दफा १८ को उपदफा (१) पछि उपदफा (१क) थप | नभएको। (नयाँ थप।) | मूल ऐनको दफा १८ को उपदफा (१) पछि देहायको उपदफा (१क) थपिएको छः-<br>"(१क) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि संवैधानिक निकायका पदाधिकारीले उपदफा (१) को खण्ड (ख) बमोजिम कूल सेवा अवधि जोड्न चाहेमा त्यस्तो पदाधिकारीले संवैधानिक निकायको पदाधिकारीको पदमा नियुक्ति भएको मितिदेखि पाएको निवृत्तिभरण रकम सङ्घीय सञ्चित कोषमा फिर्ता गरी सोको भरपाई त्यस्तो सेवा अवधि जोड्ने निकायमा पेस गर्नुपर्नेछ।" | संवैधानिक निकायको पदाधिकारीको दोहोरो सुविधा नपाउने गरि ऐनमा प्रष्ट व्यवस्था गर्न आवश्यक भएकोले। |

**(वालेन्द्र शाह)**
**प्रधानमन्त्री**